# पावर स्कॉलर्स एकेडेमी २०२३

वाईएमसीए (YMCA) को पावर स्कॉलर्स एकेडेमी तपाईको विद्वानको लागि सम्मर अथवा गर्मी को ४ हप्ताहरूमा शैक्षिक रूपमा सिक्न र संलग्न हुनको लागि **नि:शुल्क, रमाइलो** र **समृद्ध** गर्ने तरिका हो। विद्वानहरूले बेलएक्ससेल (Bellxcel) बाट मान्यता प्राप्त पाठ्यक्रम र प्रमाणित सीसीएसडी (CCSD) शिक्षकहरूद्वारा सिकाइएका गणित र साक्षरतामा केन्द्रित स्पष्ट निर्देशनको आधा दिन प्राप्त गर्छन्! तपाईंको विद्वानले कार्यक्रमबाट अधिकतम लाभ प्राप्त गर्नको लागि, तल सूचीबद्ध मितिहरू र समयहरूको लागि पूर्ण सहभागिता आवश्यक छ। कृपया **एउटा सेसन अथवा सत्र** बिहान (AM) वा दिउँसो (PM) को लागि **एउटा मात्र विद्यालय साइटमा** साइन अप गर्नुहोला। पावर स्कॉलर्स एकेडेमी विशेष गरी **२०२३ को फलमा ग्रेड १-५ मा प्रवेश** गर्ने विद्वानहरूका लागि डिजाइन गरिएको हो, जसलाई ग्रेड स्तरमा पुग्न **गणित र साक्षरतामा** थप शैक्षिक सहयोग चाहिन्छ। **कृपया ध्यान दिनुहोस् कि जून १९ मा जुन्टिन्थको कारण कुनै विद्यालय हुनेछैन।**

## जुन ५-२९, २०२३

## बिहानको सेसन 8:45-11:30 दिउँसोको सेसन 12:45-3:30

| सोमबार/बुधबार बिहान | सोमबार / बुधबार दिउँसो | मंगलबार / बिहीबार बिहान | मंगलबार / बिहीबार दिउँसो |
|---|---|---|---|
| Willow Creek( विलो क्रीक) | Homestead( होमस्टेड) | Village East(भिलेज इस्ट) | Eastridge( ईस्ट्रिज) |
| Indian Ridge( इन्डियन रिज) | Sagebrush( सेजब्रश) | Fox Hollow (फक्स हलो) | Peakview( पीकभिउ) |
| Sunrise(साराइज) | Antelope Ridge(एन्टीलोप रिज) | Coyote Hills( कोयोट हिल्स) | Altitude( अल्टिट्यूड) |

रेवट्रैक (RevTrak) मा यो ठूलो अवसरको लागि दर्ता गर्नुहोला (अभिभावक लगइन प्रयोग गर्नुहोला वा एकाउन्ट सिर्जना गर्नुहोला)।

https://cherrycreek.revtrak.net/other-programs/rw-summer-school/

तपाईको दर्ता स्वीकृत भएपछि तपाईंले फाइलमा रहेको इमेल ठेगानामा पुष्टिकरण प्राप्त गर्नुहुनेछ। यस कार्यक्रमको लागि नामांकन शैक्षिक प्राथमिकतामा आधारित हुनेछ। आफ्नो स्लट सुरक्षित गर्नको लागि कृपया **मे १२** सम्ममा दर्ता गर्नुहोला।

यी सेसनहरूको लागि यातायात प्रदान गरिएको छैन।

यदि तपाइँसँग कुनै प्रश्नहरू छन् भने, कृपया कल / ईमेल गर्नुहोला:

Kirstin Prager-720-886-3706
kprager@cherrycreekschools.org

Mike Swan-720-886-3506
mswan3@cherrycreekschools.org

